नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५३७ | मिति :- २०६७/४/२५

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त "क" र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषय :- निर्यातकर्ताहरूलाई विदेशी मुद्रामा ऋण उपलब्ध गराउने बारे ।

महाशय,

निर्यातकर्ताहरूलाई परिवर्त्य विदेशी मुद्रामा प्रि-शिपमेन्ट (Pre-shipment) तथा पोष्ट-शिपमेन्ट (Post-shipment) कर्जा उपलब्ध गराउने सम्बन्धमा देहायका व्यवस्थाहरू लागू गरिएको हुँदा सोही अनुसार गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी निर्यात कारोवार गर्ने निर्यातकर्ताहरूबाट परिवर्त्य विदेशी मुद्रामा प्रि-शिपमेन्ट (Pre-shipment) तथा पोष्ट-शिपमेन्ट (Post-shipment) कर्जा माग गरेमा प्रचलित व्यवस्था अन्तर्गत रही त्यस्तो कर्जा उपलब्ध गराउनु पर्नेछ । यस्तो कर्जामा बढीमा लाइवोर (LIBOR) दरमा २.२५ (दुई दशमलव दुई पाँच) प्रतिशत थप गरी हुन आउने दरले व्याज लिन सकिनेछ र सोको साँवा/व्याज परिवर्त्य विदेशी मुद्रामा नै असुल उपर गर्नु पर्नेछ ।

२. यस्तो कर्जा प्रदान गरे वापत सम्बन्धित बैंकहरूले माग गरेमा असल कर्जाको तमसुकको धितोमा वार्षिक लाइवोर (LIBOR) दरमा ०.२५ (शून्य दशमलव दुई पाँच) प्रतिशत थप गरी हुन आउने व्याजदरमा अमेरिकी डलरमा बढीमा ६ (छ) महीना अवधिको लागि मात्र यस बैंकले पुनर्कर्जा उपलब्ध गराउने छ ।

३. सम्बन्धित बैंकहरूले यसरी पुनर्कर्जा माग गर्दा यसैसाथ संलग्न ढाँचा अनुसारको फर्म अनिवार्य रुपले भर्नु पर्नेछ ।

४. यस्तो पुनर्कर्जा कम्तिमा अमेरिकी डलर १,००,००० (एकलाख) वा सोको मल्टिपलमा मात्र उपलव्ध गराइनेछ ।

५. यस्तो पुनर्कर्जाको साँवा व्याज अमेरिकी डलरमा नै तोकिएको अवधिभित्रै भुक्तानी गर्नुपर्नेछ ।

६. परिवर्त्य विदेशी मुद्रामा प्रि-शिपमेन्ट (Pre-shipment) कर्जा लिएको ग्राहकले कुनै कारणवश सामान निर्यात गर्न नसकेको कारण उपरोक्त कर्जा विदेशी मुद्रामा नै चुक्ता गर्न नसकेको खण्डमा नेपाली रुपैंयाँमा नै आवश्यक हिसाव मिलान गर्न सकिनेछ । तर त्यसरी हिसाव मिलान गर्दा हिसाव मिलान हुने दिनको विनिमय दर लागू गर्नुपर्नेछ र व्याजदरको हकमा नेपाली रुपैंयाँको कर्जामा लिने अधिकतम व्याज दर भन्दा बढी नहुने गरी दुई पक्षको सहमतिमा निर्धारित दरमा कर्जा लिएको मिति देखिनै लिन सकिनेछ ।

७. यस्तैगरी पोष्टशिपमेन्ट (Post-shipment) कर्जाको हकमा पनि Opening bank ले डिस्क्रीपेन्सी (Discrepancy) देखाई निर्यात भुक्तानी पूर्णरुपमा प्राप्त हुन नसकेको खण्डमा भुक्तानी ल्याउन नसकेको रकमको हकमा माथि दफा-६ मा उल्लेख गरिए अनुसार गर्नुपर्नेछ । साथै यस्तो विदेशी मुद्रा प्राप्त नभएसम्म वा यस बैंकले यस वारे स्वीकृति नदिएसम्म यसरी हिसाव मिलान गरिएका केशहरूको अभिलेख अनिवार्यरुपले कलेक्शनमा पठाइएका डकुमेन्ट सम्बन्धी उपयुक्त लेखा शीर्षकअन्तर्गत राख्नुपर्नेछ ।

क्रमश:

८. कारणवश निर्यात हुन नसकी निर्यात कर्जा लिने निर्यातकर्ताले उक्त कर्जा परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न नसक्ने स्थिति आइपरेमा त्यस्ता निर्यातकर्ताको विदेशी मुद्रा खाता रहेको भए त्यस्तो विदेशी मुद्रा खातामा रहेको मौज्दातबाट हिसाव मिलान गर्नु पर्नेछ । तर यसको लागि निर्यात नभएको व्यहोरा सम्बन्धित बैंकले यकिन गर्नुपर्नेछ । विदेशी मुद्रा खाता नभएको वा त्यस्तो खातामा पर्याप्त मौज्दात नभएको अवस्थामा दफा-६ को व्यवस्था बमोजिम हिसाव मिलान गर्नु पर्नेछ ।

९. परिवर्त्य विदेशी मुद्रामा पोष्ट-शिपमेन्ट (Post-shipment) कर्जा दिंदा निर्यात डकुमेन्ट नेगोसियट (Documents Negotiate) गर्दाकै अवस्थामा निर्यातकर्ताको परिवर्त्य विदेशी मुद्रा खातामा जम्मा गर्न मिल्नेछ । कथंकदाचित् नेगोसियट (Negotiate) गरिएका उपरोक्त Documents को पूर्ण भुक्तानी प्राप्त नभएको अवस्थामा प्रचलित व्यवस्था अनुसार यस बैंकलाई अनिवार्य रुपले जानकारी दिनुपर्नेछ ।

१०. प्रि-शिपमेन्ट (Pre-shipment) कर्जा दिंदा निर्यातकर्ताको नाउँमा देहाएमा उल्लिखितमध्ये कुनै एउटा कागजात प्राप्त भइ सकेको हुनुपर्नेछ :-

(क) निर्यात प्रतीतपत्र ।

(ख) आयातकर्ता र निर्यातकर्ता बिच भएको खरीद बिक्री सम्झौता/सहमति सम्बन्धी कागजात र यस बैंक वा अन्य बैंक/वित्तीय संस्थाबाट जारी भएको CAD अनुमतिपत्र ।

(ग) बैंक/वित्तीय संस्थाबाट जारी भएको अग्रिम भुक्तानी प्रमाणपत्र ।

११. प्रि-शिपमेन्ट (Pre-shipment) कर्जा सुविधा अन्तर्गत लिएको ऋण निर्यात डकुमेन्ट नेगोसियट (Documents Negotiate) गरेकै अवस्थामा चुक्ता गर्न लगाउने वा सोको भुक्तानी प्राप्त भएपछि मात्र चुक्ता गर्न लगाउने भन्ने वारे सम्बन्धित बैंक/वित्तीय संस्था आफैले व्यवस्था गर्न सक्नेछ ।

१२. प्रि-शिपमेन्ट (Pre-shipment) तथा पोष्ट-शिपमेन्ट (Post-shipment) कर्जा सुविधा अन्तरगत प्रचलित व्यवस्था अनुसार सम्बन्धित बैंकले यस बैंकबाट लिएको पुनर्कर्जा अनिवार्य रुपले विदेशी मुद्रामा नै (साँवा तथा व्याज दुवै) चुक्ता गर्नुपर्नेछ ।

१३. प्रि-शिपमेन्ट (Pre-shipment) तथा पोष्ट-शिपमेन्ट (Post-shipment) कर्जा स्वरुप विदेशी मुद्रामा नै ऋण उपलब्ध हुने व्यवस्था Deemed Export को हकमा समेत लागू हुनेछ ।

१४. यस बैंकबाट मिति २०६३/१२/११ मा जारी गरिएको इ.प्रा.परिपत्र संख्या ४०८ खारेज गरिएको छ ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
७. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
९. श्री नेपाल विकास बैंक संघ, काठमाण्डौ ।
१०. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
११. श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।

(इ.प्रा..परिपत्र संख्या- ५३७ को प्रयोजनको लागि)

श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
वालुवाटार, काठमाडौं ।

विषय :- विदेशी मुद्रा पुनर्कर्जा बारे ।

महोदय,

त्यस विभागको परिपत्र संख्या- इ.प्रा.परिपत्र संख्या ५३७ अनुसार यस संस्थाले प्रदान गरेको निम्न लिखित निर्यात कर्जा अन्तर्गत परिवर्त्य विदेशी मुद्रा ...................... (अक्षरेपी ........................ ............................................................... मात्र) को पुनर्कर्जा पाउन यो निवेदन पेश गरेको छु । उपरोक्त विवरणहरू अन्तर्गत दोहोरो हुने गरी यो पुनर्कर्जा सुविधा माग नगरेको व्यहोरा पनि अनुरोध गरेको छु ।

| सि.नं. | निर्यातकर्ता | निर्यात भएको/हुने वस्तु | परिमाण | मूल्य | प्रतीतपत्र पठाउने बैंकको नाम | प्रतीतपत्र नं. | कर्जा प्रदान भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मिति | रकम |
| | | | | | | | | |

भवदीय,

Authorized Signature  Authorized Signature
छाप